# निक्षेप तथा कर्जा सुरक्षण कोष लगानी विनियमावली, २०७४

निक्षेप तथा कर्जा सुरक्षण कोषको लगानीयोग्य रकमलाई समुचित तरलता कायम हुने गरी सुरक्षित, पारदर्शी तथा व्यवस्थीत रुपमा लगानी गर्ने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ६६ ले दिएको अधिकार प्रयोग गरी कोषको सञ्चालक समितिले यो विनियमावली बनाई लागु गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) यस विनियमावलीको नाम "निक्षेप तथा कर्जा सुरक्षण कोष लगानी विनियमावली, २०७४" रहेको छ ।

(२) यो विनियमावली कोषको सञ्चालक समितिबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** :बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो विनियमावलीमा,

(क) "कोष" भन्नाले निक्षेप तथा कर्जा सुरक्षण कोष सम्झनु पर्छ ।

(ख) "सञ्चालक समिति" भन्नाले कोषको सञ्चालक समिति सम्झनु पर्छ ।

(ग) "सरकारी ऋणपत्र" भन्नाले नेपाल सरकारद्वारा जारी गरिएको ट्रेजरी बिल, विकास ऋणपत्र, राष्ट्रिय बचतपत्र तथा नेपाल सरकारले समय समयमा जारी गर्ने अन्य ऋणपत्रलाई समेतलाई जनाउने छ ।

(घ) "लगानीयोग्य रकम" भन्नाले कोषलाई प्राप्त हुने शेयर पुँजी, सुरक्षण दस्तुर, लगानीबाट प्राप्त ब्याज आम्दानी, नेपाल सरकार एवं दातृ निकाय तथा संघ संस्थाबाट अनुदान तथा वित्तीय सहयोगको रुपमा प्राप्त हुने रकम र अन्य आम्दानी मध्येबाट कोषको दायित्व तथा दैनिक कार्य सञ्चालनका लागि आवश्यक पर्ने रकम बाहेक लगानीको लागि छुट्याइएको रकम सम्झनु पर्छ ।

(ङ) "लगानी समिति " भन्नाले विनियम १५ बमोजिम गठन भएको लगानी समिति सम्झनु पर्छ ।

(च) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा "बैंक" भन्नाले बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गको बैंकलाई मात्र सम्झनु पर्छ ।

## परिच्छेद- २

## कोषको रकम लगानी सम्बन्धी व्यवस्था

३. **कोषको रकम लगानी सम्बन्धी व्यवस्था** : (१) कोषमा रहेको लगानीयोग्य रकमलाई सुरक्षा र तरलता व्यवस्थापनको आधारमा लगानी गरिनेछ ।

(२) उपविनियम (१) बमोजिम लगानी गर्दा लगानीयोग्य रकमको लगानी जोखिमलाई न्यूनीकरण गर्ने उद्दश्यले देहायका उपकरणमा मात्र लगानी गरिनेछ :-

(क) सरकारी ऋणपत्र,

(ख) लगातार पाँच वर्षदेखि नाफामा रहेका बैंकको मुद्धती निक्षेप,

(ग) बैंकको कल डिपोजिट ।

(३) यो विनियमावलीको अधीनमा रही कोषको लगानीयोग्य रकम बैंकको मुद्दती निक्षेपमा लगानी गर्दा लगानी समितिले र सरकारी ऋणपत्र वा बैंकको कल डिपोजिटमा लगानी गर्दा कोष व्यवस्थापनले गर्नेछ ।

४. **सरकारी ऋणपत्रमा लगानी गर्नुपर्ने** : कोषमा रहेको लगानीयोग्य रकम प्राथमिक निष्कासन मार्फत जारी गरिने सरकारी ऋणपत्रमा लगानी गर्नु पर्नेछ ।

५. **मुद्दती निक्षेपमा लगानी गर्नुपर्ने** : (१) विनियम ४ बमोजिम लगानी गरी बाँकी रहेको रकम विनियम १४ बमोजिमको मापदण्ड पूरा गरेका बैंकको मुद्दती निक्षेपमा लगानी गर्नु पर्नेछ ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि रकम लगानी गर्ने समयमा प्राथमिक निष्कासन मार्फत सरकारी ऋणपत्र जारी नभएको अवस्थामा सम्पूर्ण लगानीयोग्य रकम बैंकको मुद्दती निक्षेपमा लगानी गर्नु पर्नेछ ।

६. **कल डिपोजिटमा लगानी गर्नुपर्ने** : (१) विनियम ४ तथा ५ बमोजिमका उपकरणमा लगानी नभएसम्मको लागि लगानीयोग्य रकम विनियम १४ बमोजिमको मापदण्ड पूरा गरेका बैंकको कल डिपोजिट खातामा लगानी गर्नु पर्नेछ ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि लगानीयोग्य रकम बाहेकको कोषको अन्य रकम बैंकको कल डिपोजिट खातामा लगानी गर्न सकिनेछ ।

७. **लगानीको अधिकतम तथा न्यूनतम सीमा** : (१) सरकारी ऋणपत्रमा लगानीयोग्य रकम लगानी गर्न कुनै सीमा लागु हुने छैन ।

(२) लगानीयोग्य रकम बैंकको मुद्दती निक्षेपमा एकै पटक वा पटक पटक लगानी गर्दा कुनै एक बैंकको चुक्ता पुँजीको वा कोषको कुल लगानीको वीस प्रतिशतभन्दा बढी हुने छैन ।

♥(३) लगानी योग्य रकम बैंकको मुद्दती निक्षेपमा लगानी गर्दा एउटा बैंकलाई एक पटकमा रु. ५ करोड भन्दा कम र रु. १ अर्ब भन्दा बढी रकम मुद्दती खातामा लगानी गरिने छैन ।

## परिच्छेद-३

## कोषको रकम लगानीको कार्यविधि सम्बन्धी व्यवस्था

८. **लगानी सम्बन्धी कार्यविधि** : (१) लगानीयोग्य रकम सरकारी ऋणपत्रमा लगानी गर्दा सो सम्बन्धी कार्यविधि अवलम्बन गरिनेछ ।

(२) लगानीयोग्य रकम बैंकको मुद्दती निक्षेपमा लगानी गर्दा यसै परिच्छेद बमोजिमको कार्यविधि अवलम्बन गरिनेछ ।

(३) लगानीयोग्य रकम बैंकको कल डिपोजिटमा लगानी गर्दा सुरक्षा एवं जोखिम समेतलाई दृष्टिगत गरी उपयुक्त कार्यविधि अवलम्बन गर्नु पर्नेछ ।

९ **सूचना प्रकाशन गर्नु पर्ने** : (१) लगानीयोग्य रकम प्रत्येक पटक बैंकको मुद्दती निक्षेपमा लगानी गर्नु अगावै त्यसरी लगानी गरिने रकम तथा अवधि खोली शिलवन्दी दरभाउपत्र पेश गर्न कोष

---

♥ मिति २०७६/०६/१६ मा गतेको सञ्चालक समितिको वैठकबाट संशोधन

व्यवस्थापनले राष्ट्रिय दैनिक पत्रिका वा कोषको वेबसाईटमा सो सम्बन्धी सूचना प्रकाशन गर्नु पर्नेछ ।

तर राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरिएकोमा सो सम्बन्धी सूचना कोषको वेबसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ ।

(२) उपविनियम (१) बमोजिम सूचना प्रकाशन गर्दा शिलबन्दी दरभाउपत्र पेश गर्न लगानी गरिने रकमको आधारमा सात दिनदेखि पन्ध्र दिनसम्मको म्याद दिनु पर्नेछ ।

(३) उपविनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि तीन भन्दा कम रितपूर्वकको शिलबन्दी दरभाउपत्र प्राप्त हुन आएमा त्यस्तो दरभाउपत्रलाई कायमै राखी पुनः सूचना प्रकाशन गर्दा सात दिनको म्याद दिनु पर्नेछ ।

(४) यस विनियम बमोजिम प्रकाशन गरिने सूचनाको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

१० **<u>शिलबन्दी दरभाउपत्र पेश गर्न सक्ने</u>** : (१) कोषको रकम लगानी सम्बन्धी प्रतिस्पर्धामा भाग लिन चाहने परिच्छेद ४ बमोजिमको मापदण्ड तथा शर्त पूरा गर्ने बैंकले विनियम ९ बमोजिमको म्यादभित्र कोषमा आइपुग्ने गरी शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

(२) बैंकले उपविनियम (१) बमोजिम पेश गर्ने शिलबन्दी दरभाउपत्रको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ ।

११ **<u>दरभाउपत्रको मूल्यांकन</u>** : (१) विनियम १० बमोजिम कोषमा प्राप्त शिलबन्दी दरभाउपत्र खोली मूल्यांकन गरी बैंकको छनौट गर्नु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम बैंक छनौट गर्नु अगावै परिच्छेद ४ बमोजिमको मापदण्ड अनुरुप भए वा नभएको यकीन गर्नुपर्नेछ ।

(३) कोषको रकम लगानी गर्नु अगावै शिलबन्दी दरभाउपत्र पेश गर्ने बैंकको परिसूचकहरुको विश्लेषण गर्नु पर्नेछ ।

१२ **<u>रकम लगानी गर्नु पर्ने</u>** : (१) विनियम ११ बमोजिम गरिएको मूल्यांकनबाट सबैभन्दा बढी ब्याजदर प्रस्ताव गरी शिलबन्दी दरभाउपत्र पेश गर्ने बैंकको छनौट गरी लगानीयोग्य रकम लगानी गर्नु पर्नेछ ।

(२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सबैभन्दा बढी ब्याजदर प्रस्ताव गरी शिलबन्दी दरभाउपत्र पेश गर्ने बैंकले लगानी गरिने सम्पूर्ण रकम लिन नचाहेमा वा त्यस्तो बैंकमा विनियम ७ बमोजिम लगानी गरिने सम्पूर्ण रकम लगानी गर्न नसकिने भएमा त्यसरी लगानी हुन नसकी बाँकी रहन गएको रकम क्रमशः बढी व्याजदर प्रस्ताव गर्ने बैंकमा लगानी गर्नु पर्नेछ ।

(३) एकभन्दा बढी बैंकले समान दरमा व्याजदर प्रस्ताव गरेमा त्यस्ता बैंकलाई माग गरेको रकमको समानुपातिक आधारमा रकम बाँडफाँड गरी लगानी गर्नु पर्नेछ । यसरी बाँडफाँड गर्दा रु.५ कोराड भन्दा कम रकम लगानी गर्ने गरी बाँडफाँड गर्न लगानी समिति बाध्य हुने छैन ।

(४) यस उपविनियम अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विनियम ९ को उपविनियम (३) बमोजिम पुनः सूचना प्रकाशन गर्दा समेत तीन भन्दा कम रितपूर्वकको शिलबन्दी दरभाउपत्र प्राप्त हुन आएमा यस विनियमावली बमोजिम त्यस्तो बैंकमा लगानी गर्न बाधा पर्ने छैन ।

♥(५) लगानी समितिले कोषले संचालन गरेको कर्जा सुरक्षण र निक्षेप सुरक्षण सम्बन्धी कार्यमा संलग्न हुने बैंकलाई प्राथमिकता दिन सक्नेछ ।

१३ **शिलबन्दी दरभाउ पत्र नखोलिने** : (१) विनियम ९ बमोजिम प्रकाशित सूचना बमोजिम योग्यता नपुगेको शिलबन्दी दरभाउपत्र खोलिने छैन ।

(२) तीन भन्दा कम रितपूर्वकको शिलबन्दी दरभाउपत्र प्राप्त भएमा त्यस्तो शिलबन्दी दरभाउपत्र खोलिने छैन ।

(३) शिलबन्दी दरभाउपत्र पेश गर्ने बैंकको परिच्छेद ४ बमोजिमको मापदण्ड अनुरुप नभएको यकीन भएमा त्यस्तो बैंकको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

(४) उपविनियम (१) तथा (३) बमोजिमको शिलबन्दी दरभाउपत्र मूल्यांकन नगरी अभिलेख राखी छुट्टै खाममा शिलबन्दी गरी राखिनेछ ।

(५) उपविनियम (२) बमोजिम नखोलिएको शिलबन्दी दरभाउपत्र विनियम ९ को उपविनियम (३) बमोजिमको पुन: सूचना बमोजिम प्राप्त शिलबन्दी दरभाउपत्रसँग प्रतिस्पर्धा गराउनु पर्नेछ ।

## परिच्छेद - ४
## बैंकको मापदण्ड तथा शर्त सम्बन्धी व्यवस्था

१४. **मापदण्ड तथा शर्त पूरा भएको हुनु पर्ने** : (१) कोषको लगानीयोग्य रकम लगानी गरिने बैंकले देहाय बमोजिमको मापदण्ड तथा शर्त पूरा गरेको हुनु पर्नेछ :

(क) बैंक संचालनमा आएको कम्तीमा पाँच वर्ष पुरा गरेको ।

(ख) नेपाल राष्ट्र बैंकबाट तोकिएको न्यूनतम पूँजीकोष कायम गरेको ।

♠(ग) निष्कृय कर्जा (NPL)कुल कर्जा सापटको ३ प्रतिशत भन्दा कम भएको ।

(घ) खूद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तिमा २० प्रतिशत वा सो भन्दा बढी रहेको ।

(ङ) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजी अनुपात नेपाल राष्ट्र बैंकले समय-समयमा निर्धारण गरेको सीमा भित्र रहेको ।

(च) लगातार ५ वर्षसम्म मुनाफामा रहेको ।

(छ) रियल स्टेटमा प्रवाहित कर्जा नेपाल राष्ट्र बैंकबाट तोकिएको सीमाभन्दा बढी नभएको ।

(ज) लगानी गरिने संस्थाको प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी अध्यक्ष वा कार्यकारी सञ्चालकलाई नेपाल राष्ट्र बैंकले जरिवाना वा कारवाही गरेको अवस्थामा सो कारवाही भएको एक वर्ष पूरा भएको ।

---

♥ मिति २०७६/०६/१६ मा गतेको सञ्चालक समितिको वैठकबाट थप
♠ मिति २०७६/०६/१६ मा गतेको सञ्चालक समितिको वैठकबाट संशोधन

(झ) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए सो कारवाही फुकुवा भएको कम्तिमा तीन महिना पूरा भएको ।

(ञ) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिम कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको । समस्याग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको छ महिना अवधि पुरा भएको ।

(ट) सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरी नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचिकृत भएको ।

(२) उपविनियम (१) बमोजिमको मापदण्ड तथा शर्त पूरा गरेको व्यहोराको घोषणा शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

## परिच्छेद- ५

## लगानी समितिको गठन तथा काम,कर्तब्य तथा अधिकार सम्बन्धी व्यवस्था

१५. **लगानी समिति** : (१) कोषको लगानीयोग्य रकमलाई समुचित तरलता कायम हुने गरि सुरक्षित तथा अधिक प्रतिफलजन्य बित्तिय उपकरणमा लगानी गर्न कोषमा एक लगानी समिति रहनेछ ।

(२) उपविनियम (१) बमोजिमको लगानी समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) सञ्चालक समितिले तोकेको सञ्चालक समितिको सदस्य - संयोजक

(ख) कोषको प्रमुख कार्यकारी अधिकृत - सदस्य

(ग) कोषको नायव प्रमुख कार्यकारी अधिकृत - सदस्य

(घ) लगानी समितिले छनौट गरेका कोषको बरिष्ठ कर्मचारी १ जना - सदस्य

(ङ) कोषको लेखा विभागको प्रमुखको रुपमा कार्य गर्ने प्रबन्धक - सदस्य सचिव

तर लेखा विभाग हेर्ने प्रबन्धक नरहेको अवस्थामा सोहि विभागमा काम गर्ने वरिष्ठ अधिकृतलाई सदस्य सचिवको काम गर्न तोकिने छ ।

(३) लगानी समितिको सचिवालयको काम कोषको लेखा विभागले गर्नेछ ।

१६ **लगानी समितिको बैठक** : (१) लगानी समितिको बैठक दुई महिनामा कम्तिमा एकपटक नघट्ने गरी आवश्यकता अनुसार बस्नेछ ।

(२) लगानी समितिको बैठकको अध्यक्षता लगानी समितिको संयोजकले गर्नेछ ।

(३) लगानी समितिको संयोजक सहित कम्तिमा तीनजना सदस्य उपस्थित भएमा लगानी समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको संयोजक अनुपस्थित रहेमा कोषका कार्यकारी अधिकृतले बैठकको अध्यक्षता गरी लगानीयोग्य रकम लगानी गर्न सक्नेछन् ।

(५) लगानी समितिले आवश्यक ठानेमा बढीमा दुई जना विशेषज्ञलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) लगानी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि लगानी समिति आफैले तय गरे बमोजिम हुनेछ ।

१७. **लगानी समितिको काम, कर्तव्य र अधिकार** : (१) लगानी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोषमा रहेको लगानीयोग्य रकम यो विनियमावलीको अधीनमा रही सुरक्षा, तरलता तथा प्रतिफलका आधारमा लगानी गर्ने,

(ख) यो विनियमावलीलाई समयानुकूल आवश्यक परिमार्जन गर्न समिति समक्ष सुझाव पेश गर्ने,

(ग) कोषबाट गरिएका लगानीहरुको विद्यमान अवस्थाका बारेमा समय-समयमा अध्ययन गर्ने/गराउने,

(घ) सञ्चालक समितिले तोकिदिएका अन्य कार्यहरु गर्ने ।

(२) लगानी समितिले कोषको लगानीयोग्य रकम लगानी गर्दा कोषको दायित्वको लागि आवश्यक पर्ने रकम सहज रुपमा उपलब्ध हुने तथा रकम लगानी सम्बन्धी कार्य सामान्यता प्रत्येक महिना गर्ने गरी कार्यतालिका बनाई सोही बमोजिम रकम लगानी गर्नेछ ।

## परिच्छेद- ६

## विविध

१८. **जानकारी गराउनु पर्ने** : (१) लगानीयोग्य रकम व्यवस्थापनले सरकारी ऋणपत्रमा वा बैंकको कल डिपोजिटमा लगानी गरेकोमा सो सम्बन्धी जानकारी लगानी गरिए पश्चात बस्ने लगानी समितिको बैठकमा जानकारी गराउनु पर्नेछ ।

(२) लगानी समितिले लगानीयोग्य रकम लगानी गरेको सम्बन्धी जानकारी लगानी गरिए पश्चात बस्ने कोषको सञ्चालक समितिलाई गराउनु पर्नेछ ।

१९. **कोषको अधिकार** : (१) यो विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लगानीयोग्य रकम लगानी गर्ने वा नगर्ने अधिकार कोषमा रहनेछ ।

(२) कुनै विशेष परिस्थिति सृजना भएमा कोषको सञ्चालक समितिले विनियम ९ बमोजिम सूचना प्रकाशन गरी लगानी गर्न खोजेको रकम लगानी नगर्न वा लगानी सम्बन्धी काम कारवाही रद्द गर्न सक्नेछ ।

२०. **बाधा अड्काउ फुकाउने** : यो विनियमावली कार्यान्वयन गर्न बाधा अड्काउ परेमा लगानी समितिको सिफारिशमा सञ्चालक समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

२१. **खारेजी तथा बचाऊ** : (१) यो विनियमावली प्रारम्भ हुँदाका बखत कायम रहेको कोषको लगानी सम्बन्धी निर्देशिका, २०७३ खारेज गरिएको छ ।

(२) उपविनियम (१) मा उल्लेख भए अनुसार खारेज गरिएको निर्देशिका बमोजिम भए गरेका काम कारवाही यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची १

### विनियम ९ को उपविनियम (१) सँग सम्बन्धित

### लगानी सम्बन्धी सूचना

यस कोषको विभिन्न कोषमा रहेको रकम विभिन्न अवधिका लागि लगानी गर्नु परेकोले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त तल उल्लिखीत शर्तहरु पुरा गरेका “क” वर्गका बैंकले आफूले लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको ब्याजदर समेत यस कोषले तोकेको शिलबन्दी दरभाउपत्र सम्बन्धी फारम भरी कुल लगानीयोग्य रकम मध्ये...............................निक्षेपको रुपमा लिन चाहेको रकम खोली यस कोषमा बुझाउन आहवान गरिएको छ ।

**लगानी योग्य रकम रु........................................( अक्षरेपी ...................) रहेको छ ।**

**शर्तहरुः**

(क) बैंक संचालनमा आएको कम्तीमा पाँच बर्ष पुरा गरेको ।

(ख) लगातार पाँच वर्षदेखि नाफामा रहेको ।

(ग) नेपाल राष्ट्र बैंकबाट तोकिएको न्यूनतम पूँजीकोष कायम गरेको ।

(घ) निष्कृय कर्जा (NPL) कुल कर्जा सापटको ३ प्रतिशत भन्दा कम भएको ।

(ङ) खूद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तिमा २० प्रतिशत वा सो भन्दा बढी रहेको ।

(च) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजी अनुपात नेपाल राष्ट्र बैंकले समय-समयमा निर्धारण गरेको सीमा भित्र रहेको ।

(छ) अघिल्लो ५ आर्थिक वर्षमा सञ्चालन मुनाफा (व्यवस्था पछिको) मा रहेको ।

(ज) रियल स्टेटमा प्रवाहित कर्जा नेपाल राष्ट्र बैंकबाट तोकिएको सीमाभन्दा बढी नभएको ।

(झ) लगानी गरिने संस्थाको, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी अध्क्षय वा कार्यकारी सञ्चालकलाई नेपाल राष्ट्र बैंकले जरिवाना वा कारवाही गरेको अवस्थामा सो कारवाही भएको १ वर्ष पूरा भएको ।

(ञ) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए सो कारवाही फुकुवा भएको कम्तिमा तीन महिना पूरा भएको ।

(ट) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिम कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको । समस्याग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको छ महिना अवधि पुरा भएको ।

(ठ) सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरी नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचिकृत भएको ।

(ड) कोषले लगानी गर्न सूचना प्रकाशित गरको रकम लगानी गर्ने/नगर्ने अधिकार कोषमा सुरक्षित रहनेछ ।

**निक्षेप तथा कर्जा सुरक्षण कोष**
**केन्द्रीय कार्यालय**
**लेखा बिभाग**
**टंगाल, काठमाण्डौ**

## अनुसूची-२

## विनियम १० संग सम्बन्धित

श्री प्रमुख कार्यकारी अधिकृतज्यू,
निक्षेप तथा कर्जा सुरक्षण कोष
केन्द्रीय कार्यालय
टंगाल, काठमाण्डौं । बिषयः- शिलबन्दी दरभाउपत्र सम्बन्धी फारम

महोदय,

त्यस कोषको विभिन्न कोषहरुमा रहेको रकम बैंकमा लगानी गर्ने सम्बन्धमा तहांबाट मिति......................................मा भएको आह्वान बमोजिम तपशिलमा उल्लेखित सबै शर्तहरु यस बैंकले पुरा गरेको घोषणा गर्दै तलको तालिकामा उल्लेख भएबमोजिमको ब्याजदरमा सोही तालिकामा उल्लेख भए बमोजिमको रकम लिन ईच्छुक भएकोले सोही प्रयोजनका लागि यो शिलबन्दी दरभाउपत्र पेश गरेका छौं ।

१.लिन चाहेको निक्षेप रकम ( रु लाखमा )

| क्र.सं | प्रस्तावित ब्याजदर | अवधि | न्यूनतम | अधिकतम |
|---|---|---|---|---|
| १. | | एक वर्ष | | |
| २. | | ६ महिना | | |

२.आर्थिक वर्ष ......................... को ..................महिनाको यस .............लि. वित्तीय परिसुचकहरु निम्नानुसार रहेको छ ।

| क्र.सं | विवरण | इकाई | प्रतिशत / रकम |
|---|---|---|---|
| १. | प्राथमिक पूँजीकोष अनुपात(न्यूनतम : ........... प्रतिशत) | प्रतिशत | |
| २. | पूँजीकोष अनुपात (न्यूनतम : ........... प्रतिशत) | प्रतिशत | |
| ३. | निष्कृय कर्जा अनुपात ( ४ प्रतिशत भन्दा कम ) | प्रतिशत | |
| ४. | खुद तरल सम्पति / स्वदेशी निक्षेप अनुपात ( २० प्रतिशत वा सो भन्दा बढी ) | प्रतिशत | |
| ५. | कर्जा / स्वदेशी निक्षेप र प्राथमिक पूँजीकोष अनुपात ( बढीमा : ...... प्रतिशत ) | प्रतिशत | |
| ६. | नफा / नोक्सान हिसाब | रकम रु लाखमा | |
| | क. निकटतम अधिल्लो ५ वर्ष | रकम रु लाखमा | |
| | ख. चालु अवधि | रकम रु लाखमा | |
| ७. | रियल स्टेट कर्जा अनुपात (बढीमा : ............ प्रतिशत ) | प्रतिशत | |
| ८. | कुल निक्षेप | रकम रु लाखमा | |
| ९. | चुक्ता पुँजी | रकम रु लाखमा | |
| १०. | कोषको नाममा रहेको हालसम्मको मुद्दती निक्षेप रकम | रकम रु लाखमा | |

३. यस ........................................... लि. को सम्बन्धमा देहाय बमोजिमको थप विवरण समेत पेश गर्दछौ ।

१. आ. ब. ............. देखि आ. ब. ................ सम्मको नाफा नोक्सान विवरण ।

२. लगानी गरिने संस्थाको कुनै पनि सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालकलाई नेपाल राष्ट्र बैंकले जरिवाना वा कारवाही गरेको अवस्था छ / छैन र सो कारवाही भएको तीन वर्ष पूरा भएको ।

३. संस्था नेपाल राष्ट्र बैंकको शीघ्र सुधारात्मक कारवाहीमा परेको छ / छैन रसो कारवाही फुकुवा भएको कम्तीमा तीन महिना पूरा भएको ।

४. संस्था नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ वमोजिम कारवाहीमा परी समस्याग्रस्त घोषणा भएको छ वा छैन र सो फुकुवा भएको छ महिना अवधि पुरा भएको ।

५. सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरी सकेको र मिति ................ नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचिकृत भइसकेको ।

६. साथै यस ................................. लि.को मिति ...................... मा प्रकासित पछिल्लो वित्तिय विवरण यसै दरभाउपत्रसँग संलग्न गरेका छौं

संस्थाका आधिकारिक पदाधिकारीको | संस्थाको नामः-
दस्तखतः-................................. | ठेगानाः-
नामः-...................... | छापः-
पदः-........................
सम्पर्क फोन नं.ः- ........................

नोट : लगानीसँग सम्बन्धित आधिकारिक सम्पर्क व्यक्तिको पद, नाम, थर र सम्पर्क फोन नंम्बर यस फारामको अन्त्यमा अनिवार्य रुपमा उल्लेख भएको हुनु पर्नेछ ।